प्राथमिक तथा निमाबिमा भर्ना हुने बच्चा भएका परिवारलाई

新 宿 区 SHINJUKU CITY

# भर्नाको उपलक्ष्यमा उपहार रकम बारेको सूचना

◆ सिन्ज्युकु-कु शिक्षा समितिले, आगामी शैक्षिक सत्रमा भर्ना हुने नव प्राथमिक विद्यालय विद्यार्थी / नव निम्न माध्यामिक विद्यालय विद्यार्थी उमेरका बच्चाहरूलाई, भर्नाको उपलक्ष्यमा उपहार रकम प्रदान गरिने छ।
(नव प्राथमिक विद्यालय विद्यार्थी हुने उमेर पुगेका प्रत्येक बच्चालाई **50 हजार येन,** नव निम्न माध्यामिक विद्यालय विद्यार्थी हुने उमेर पुगेका प्रत्येक बच्चालाई **1 लाख येन**)

◆ उपहार रकम प्राप्त गर्नको लागि, निवेदन दिन आवश्यक पर्न पनि सक्छ।

◆ विस्तृत विवरणको लागि, **जनवरी 24 तारिख (मङ्गलबार)** का दिन पठाइने सूचना-पत्र हेर्नुहोस्।



## सहयोग रकम प्राप्त गर्न सक्ने लक्षित व्यक्ति / निवेदन प्रक्रियाको बारेमा (फ्लोचार्ट)

**① A वा B मा पर्ने बच्चा छ**

**A.** 2016 साल अप्रिल 2 तारिख देखि 2017 साल अप्रिल 1 तारिख सम्मको बीचमा जन्मेको बच्चा (नव प्रावि विद्यार्थी हुने उमेर )
2010 साल अप्रिल 2 तारिख देखि 2011 साल अप्रिल 1 तारिख सम्मको बीचमा जन्मेको बच्चा (नव निमावि विद्यार्थी हुने उमेर)

**B.** 2023 साल जनवरी 1 तारिख (आधार मिति) को दिनमा, सिन्ज्युकु-कुको ज्यूमिन किहोन दाइच्योमा नाम दर्ता भएको बच्चा ※

↓ छ → ②

↓ छैन → **रकम प्राप्त गर्न अयोग्य**

**② आधार मिति हाल, लक्षित बच्चाको बालबालिका भत्ता सिन्ज्युकु-कु बाट प्राप्त गर्दै आएको** (तसर्थ, लक्षित बच्चा र बालबालिका भत्ता प्राप्त गरिरहेको व्यक्ति एकै परिवार सदस्य भएको बेलामा मात्र)

↓ हो

**③ निवेदन प्रक्रिया चाल्नु आवश्यक छैन।**
**आधार मिति हाल, सिन्ज्युकु-कुमा दर्ता भइरहेको बालबालिका भत्ता रकमान्तर गर्ने बैंक खातामा राखिने छ।**
**रकमान्तर गर्ने अनुमानित मिति 2023 साल फेब्रुअरी 28 तारिख (मङ्गलवार) हो।**

↓ होइन

**③ निवेदन प्रक्रिया चाल्नु आवश्यक छ**

◆ निवेदन दिने तरिका

✓ सूचनापत्रका साथ पठाइएको "रुजू फाराम" मा रकमान्तर गर्ने बैंक खाताको विवरण लेखी, बैंक खाताको पासबुक आदिको फोटोकपी संलग्न गरी, फिर्ती खाममा हालि पठाउनुहोस्।

◆ निवेदन बुझाउने अन्तिम म्याद

**2023 साल मार्च 31 तारिख (शुक्रवार)**
**हुलाक छाप मान्य**

◆ रकमान्तर गर्ने अनुमानित दिन

✓ पछि छुट्टै पठाइने सहयोग रकम स्वीकृत भएको जानकारी दिने पत्र मार्फत रकमान्तर हुने दिनको सूचना दिइने छ।

**※ परामर्श गर्नुहोस्**

घरेलु हिंसा (DV) आदिको विशेष कारणबाट सिन्ज्युकु-कु मा ठेगाना दर्ता नभएका व्यक्तिले, देहायको "कल सेन्टर" मा सम्पर्क गरी परामर्श लिनुहोस्।

## सम्पर्कको लागि

**सिन्ज्युकु-कु, भर्नाको उपलक्ष्यमा उपहार रकम कल सेन्टर**

**☎ 0120-005-885 (नि:शुल्क)**

खुल्ने समयः कार्यालय खुल्ने दिन बिहान 8:30 देखि दिउसो 5 बजे सम्म

भर्नाको उपलक्ष्यमा उपहार रकमसँग सम्बन्धित विस्तृत जानकारीको लागि, सिन्ज्युकु-कुको आधिकारिक होमपेज (QR कोड) बाट पनि हेर्न सक्नुहुन्छ।